जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
बर्ष १३ • अंक २८९ • २०८३ श्रावण २३ गते शनिवार • 8 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# जनकपुरधाम-११ 'साक्षर वडा' घोषणा

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, २२ श्रावण**



जनकपुरधाम उपमहा नगरपालिका-११ लाई 'साक्षर वडा' घोषणा गरिएको छ। श्री हनुमान सामुदायिक सिकाइ केन्द्रको आयोजना तथा जनकपुरधाम उपमहा नगरपालिकाको सहकार्यमा आयोजित कार्यक्रममा वडा नं. ११ लाई औपचारिक रूपमा साक्षर वडा घोषणा गरिएको हो ।


कार्यक्रमको अध्यक्षता श्री हनुमान सामुदायिक सिकाइ केन्द्रकी अध्यक्ष उषा साहले गरेकी थिइन्। कार्यक्रममा प्रमुख अतिथिका रूपमा वडा नं. ११ का वडाध्यक्ष अर्जुन चौधरी तथा विशिष्ट अतिथिका रूपमा जनकपुरधाम उपमहा नगरपालिकाको शिक्षा शाखा प्रमुख अञ्जु पाण्डेय सहभागी भएका थिए । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, शिक्षक, शिक्षाकर्मी, शिक्षा क्षेत्रका सरोकारवाला तथा स्थानीयवासीको सहभागिता रहेको थियो । साक्षर वडा घोषणा कार्यक्रममा बोल्दै सामुदायिक सिकाइ केन्द्रकी अध्यक्ष उषा साहले वडा नं. ११ लाई साक्षर बनाउने अभियानमा केन्द्रले निरन्तर भूमिका निर्वाह गर्दै आएको बताइन् ।

वडाका घरधुरी तथा आवश्यक तथ्यांक संकलन, अध्ययन, सरोकारवालासँग समन्वय तथा निरन्तर प्रयासपछि वडा साक्षर घोषणा गर्न सफल भएको उनले बताइन्। "वडालाई साक्षर बनाउने लक्ष्यसहित हामीले आवश्यक तथ्यांक संकलनदेखि निरन्तर मेहनत गऱ्यौं। सबैको सहयोग र सहकार्यका कारण आज वडा नं. ११ लाई साक्षर वडा घोषणा गर्ने अवस्थामा पुगेका छौं," अध्यक्ष साहले भनिन् । उनले साक्षरता अभियान सफल बनाउन जनकपुरधाम उपमहा नगरपालिकाको शिक्षा शाखा प्रमुख अञ्जु पाण्डेयको सहयोग, समन्वय र सकारात्मक भूमिकासमेत महत्वपूर्ण रहेको बताइन् । कार्यक्रममा वडाध्यक्ष अर्जुन चौधरीले वडा नं. ११ लाई साक्षर वडा घोषणा गर्न सम्भव हुनु सबै पक्षको सार्थक प्रयासको परिणाम भएको बताए । उनले जनप्रतिनिधि, सामुदायिक सिकाइ केन्द्र, शिक्षक, शिक्षाकर्मी तथा स्थानीयवासीको सामूहिक प्रयास र सहकार्यले अभियान सफल भएको संक्षिप्त प्रतिक्रिया दिए ।

त्यस्तै, शिक्षा शाखा प्रमुख अञ्जु पाण्डेयले साक्षरता अभियानलाई घोषणामै सीमित नराखी जनकपुरधाम उपमहानगरपालिकालाई नै पूर्ण रूपमा साक्षर बनाउने अभियान अघि बढाइने बताइन् । उनले नगरका सबै वडालाई साक्षर बनाउने अभियानका लागि आवश्यक तयारी र योजना तय भइसकेको जानकारी दिइन् ।

"जनकपुरधाम उपमहानगरपालिकालाई पूर्ण रूपमा साक्षर बनाउने अभियानलाई हामीले प्राथमिकतामा राखेका छौं । त्यसका लागि आवश्यक तयारी र योजना तय भइसकेको छ । अबको दुई-तीन महिनाभित्र औपचारिक कार्यक्रममार्फत सम्पूर्ण जनकपुरधाम उपमहानगरपालिकालाई साक्षर घोषणा गर्ने गरी अभियान अघि बढाउने हाम्रो लक्ष्य छ," पाण्डेयले भनिन् । कार्यक्रममा वक्ताहरूले वडा साक्षर घोषणा हुनु केवल औपचारिक उपलब्धि नभई शिक्षा, सामाजिक चेतना र नागरिक सशक्तीकरणको क्षेत्रमा महत्वपूर्ण उपलब्धि भएको बताए। साक्षर घोषणा गरेपछि अभियानको जिम्मेवारी समाप्त नहुने भन्दै उनीहरूले प्राप्त उपलब्धिलाई दिगो बनाउन निरन्तर सिकाइको वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए । शिक्षाबाट वञ्चित नागरिकलाई शिक्षाको मूलधारमा ल्याउन स्थानीय सरकार, सामुदायिक सिकाइ केन्द्र, विद्यालय, शिक्षक तथा समुदायबीच निरन्तर सहकार्य आवश्यक रहेको सहभागीहरूले बताए। साक्षरतालाई व्यवहारिक जीवनसँग जोड्दै नागरिकमा पढ्ने, लेख्ने, बुझ्ने र निरन्तर सिक्ने संस्कारको विकास गर्नुपर्नेमा समेत जोड दिइयो ।

जनकपुरधाम-११ साक्षर वडा घोषणा भएसँगै अब प्राप्त उपलब्धिलाई दिगो बनाउँदै निरन्तर सिकाइको अभियानलाई प्रभावकारी बनाउने तथा बाँकी वडाहरूमा समेत साक्षरता अभियान विस्तार गर्ने जिम्मेवारी स्थानीय सरकार र सम्बन्धित सरोकारवालामाथि थपिएको छ । शिक्षा शाखाको योजनाअनुसार आगामी दुई-तीन महिनाभित्र सम्पूर्ण उपमहानगरपालिकालाई साक्षर घोषणा गर्ने लक्ष्यले अभियानलाई थप व्यापकता दिने अपेक्षा गरिएको छ ।




# मन्त्रिपरिषद्को निर्णयप्रति असन्तुष्टि जनाउँदै साहु-महाजनहरूद्वारा विरोध प्रदर्शन



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २२ श्रावण**

सरकार र मिटरब्याज पीडित पक्षबीच भएको लेनदेन सम्बन्धी ९ बुँदे सहमति तथा मन्त्रिपरिषद्को निर्णयप्रति असन्तुष्टि जनाउँदै साहु-महाजनहरूले जनकपुरधाममा विरोध प्रदर्शन गरेका छन्। पीडित लेनदेन संघर्ष समिति मधेशको अगुवाइमा भएको प्रदर्शनमा मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका साहु-महाजनहरूको सहभागिता रहेको थियो ।

प्रदर्शनकारीहरूले सरकारले एकतर्फी रूपमा गरेको सहमति र मन्त्रिपरिषद्बाट भएका निर्णय आफूहरूको हितविपरीत रहेको भन्दै तत्काल फिर्ता लिन माग गरेका छन् । प्रदर्शनकारीहरूले जनकपुरधाम नगरको विभिन्न क्षेत्रको परिक्रमा गर्दै जिल्ला प्रहरी कार्यालय धनुषा, जिल्ला प्रशासन कार्यालय धनुषा र जिल्ला अदालत धनुषा अगाडि पुगेर विरोध प्रदर्शन गरेका थिए ।

उनीहरूले 'कानुनी राज्य बहाल गर' लगायतका नारा लगाउँदै सरकारले लेनदेनसम्बन्धी विषयमा आफूहरूमाथि अन्याय गरेको आरोप लगाए । पीडित लेनदेन संघर्ष समिति मधेश प्रदेशका अध्यक्ष विजय यादवले सरकारले साहु-महाजनका मागलाई बेवास्ता गरे थप सशक्त आन्दोलन गर्ने चेतावनी दिए । उनले आफूहरूको माग सम्बोधनका लागि सरकार गम्भीर बन्नुपर्ने बताए। यादवका अनुसार माग सम्बोधन नभए आगामी भदौ १ गतेदेखि काठमाडौं केन्द्रित आन्दोलन गर्ने तयारी गरिएको छ । त्यसक्रममा सिंहदरबार घेराउ गर्नुका साथै माइतीघरमा धर्ना दिने कार्यक्रम तय गरिएको उनले जानकारी दिए। प्रदर्शनकारीहरूले लेनदेनसम्बन्धी विवादको दीर्घकालीन र न्यायोचित समाधानका लागि सरकार, मिटरब्याज पीडित र साहु-महाजन पक्षलाई समेटेर त्रिपक्षीय वार्ता गर्नुपर्ने मागसमेत गरेका छन् ।

उनीहरूले कुनै एक पक्षलाई मात्र आधार बनाएर गरिने निर्णयले समस्या समाधान गर्नुको सट्टा थप जटिलता सिर्जना गर्ने भन्दै सबै सरोकारवालाको सहभागितामा सहमति खोज्न सरकारसँग आग्रह गरेका छन् ।




[कविता]

# माइली दिदी

घर छेवैको छिमेकी माइली दिदी
गोरी डल्ली-डल्ली परेकी खुब काम गर्थी
खुट्टामा प्लास्टिको गम्बुट, लुङ्गी लगाएकी
कहिले दाउरोको भारी बोकी
कहिले घाँसको भारी बोकी
जङ्गलबाट आउँदै गरेको देख्थें।

कहिले गाई गोठमा गोबर सोरेको त
कहिले घरको काम धन्धामा व्यस्त देख्थें
मेरै घर छेवको छिमेकी माइली दिदी
पढाई लेखाई कम नै भएकोले गर्दा
गाउँ घरमा मिस्त्रीहरूसँग
लेबर काम गर्दै गरेको देख्थें
अहिले गाउँमा हल्ला चलेको छ
मेरै घर छेवैको माइली दिदी पनि
पल्टने दाईसँग भागेर पोईला गयो रे!
निकै बर्ष बादमा पल्टने दाई र
माइली दिदी गाउँ घरमा आएको छ
पहिलाको भन्दा अहिले निकै बद्लेको छ
मेरै घर छेवैको छिमेकी माइली दिदी।

पहिला गम्बुट र लुङ्गीमा देख्ने
अहिले मुहार भरी मेकअप
अनि जिन्स पेन्टमा देखें
कम पढा लेखाई भए पनि
अहिले बात बातमा
प्याँच्च अङ्ग्रेजी शब्द थप्ने भएछ
सर्गै घाँस दाउरा खेताला मेलो गर्ने
साथीहरूलाई पनि नचिन्ने भएछ
घरिघरी हिन्दी शब्दमा पनि बोल्ने भएछ
मेरै घर छेवैको छिमेकी माइली दिदी।

कवि- विधुत गुरुङ
आहाले बस्ती २,गोरुबथान,कालेबुङ।

# डीडीसीको दुग्ध विकास आयोजना ढल्केबर शाखाद्वारा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग आवश्यक छलफल

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २२ श्रावण**




मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा दुग्ध विकास संस्थान (डीडीसी) ले आफ्ना दुग्धजन्य उत्पादन बिक्रीवितरण गर्ने स्टल सञ्चालनमा ल्याउने तयारी गरेको छ।

डीडीसीको दुग्ध विकास आयोजना ढल्केबर शाखाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग आवश्यक छलफल गरिसकेको र अबको एक सातादेखि १० दिनभित्र स्टल सञ्चालनमा ल्याउने तयारी गरेको हो। आयोजना ढल्केबरका प्रमुख दिनेश जोशीका अनुसार मुख्यमन्त्री कार्यालय परिसरमा विभिन्न मन्त्रालय तथा सरकारी निकाय रहेकाले दैनिक ठूलो संख्यामा कर्मचारी, सेवाग्राही तथा सर्वसाधारणको आवतजावत हुने गर्छ। त्यसलाई मध्यनजर गर्दै स्वदेशी दुग्धजन्य उत्पादनको प्रवर्द्धन तथा सहज बिक्रीवितरणका लागि स्टल राख्न लागिएको हो। 'यहाँ कर्मचारी र सेवाग्राहीसहित दैनिक एक हजारभन्दा बढी मानिसको आवतजावत हुन्छ। स्वदेशी उत्पादनको प्रवर्द्धनसँगै गुणस्तरीय र स्वस्थ्यकर दुग्धजन्य सामग्री सहज रूपमा उपलब्ध गराउने उद्देश्यले स्टल राख्न लागेका हौं,' जोशीले भने, 'मुख्यमन्त्री कार्यालयसँग छलफल भइसकेको छ। अबको एक हप्ता वा बढीमा १० दिनभित्र स्टल सञ्चालनमा ल्याउँछौं।' डीडीसीले हाल दही, रसभरी, बटर, पनिर, घ्यु, मोही तथा विभिन्न स्वादका आइसक्रिमलगायतका दुग्धजन्य सामग्री उत्पादन गर्दै आएको छ।

मुख्यमन्त्री कार्यालय परिसरमा सञ्चालन हुने स्टलबाट संस्थानका यिनै उत्पादन बिक्रीवितरण गरिने जनाइएको छ।

# आर्थिक वर्ष २०८२/८३ मा चार करोडभन्दा बढी माछाका भुरा उत्पादन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २२ श्रावण**



जनकपुरधामस्थित मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्रले आर्थिक वर्ष २०८२/८३ मा चार करोडभन्दा बढी माछाका भुरा उत्पादन गरेको छ।

केन्द्रले उक्त अवधिमा विभिन्न प्रजातिका ४ करोड ३८ लाख ह्याचलिङ उत्पादन गरी किसानलाई बिक्री वितरण गरेको हो। केन्द्रका प्रमुख ज्ञानबहादुर जिरेलका अनुसार गत आर्थिक वर्षमा ३२ लाख फ्राइ, १३ लाख ८२ हजार फिङ्गरलिङ तथा २ हजार ५३ किलो खाने माछा समेत उत्पादन गरिएको छ। भुरा बिक्रीबाट केन्द्रले ३४ लाख ३५ हजार ५ सय ३६ रुपैयाँ आम्दानी गरेको छ।

त्यस्तै, सरकारी सम्पत्ति बहालबाट ३ लाख २४ हजार ३ सय रुपैयाँ र अन्य प्रशासनिक सेवा प्रवाहबाट ५९ हजार रुपैयाँ आम्दानी भएको केन्द्रले जनाएको छ। केन्द्रमा उत्पादन हुने माछाका भुरा मधेस प्रदेशका विभिन्न जिल्लाका साथै बागमती र कोशी प्रदेशसम्मका किसानले खरिद गर्दै आएका छन्। धनुषा, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका किसानसँगै काठमाडौं, सिन्धुली, रामेछाप, दोलखा तथा सुनसरीका किसानसमेत केन्द्रबाट भुरा लैजाने गरेका छन्। केन्द्रले मुख्य रूपमा रहु, नैनी, भाकुर, कमन कार्प, सिल्भर कार्प, बिगहेड कार्प र ग्रास कार्पका भुरा उत्पादन गर्दै आएको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा भने ह्याचलिङ उत्पादन केही घटेको देखिएको छ। आर्थिक वर्ष २०८१/८२ मा केन्द्रले ४ करोड ७५ लाख ५ हजार ह्याचलिङ, ३२ लाख ३६ हजार फ्राइ, १२ लाख ६२ हजार फिङ्गरलिङ तथा २ हजार किलो खाने माछा उत्पादन गरेको थियो।





अनुरोधकर्ता
पिपरा गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: आम्दानी हुने
मिथून: अनावश्यक चिन्ता
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: पिछडेको साथी मिल्न
कन्या: मित्रतामा फाटो आउने
तुला: मनमा पछुतो आउने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: शुभ कार्यको शुरुवात
मकर: लामो यात्राको योग छ
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव


श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# भारतले जैविक ग्यास उत्पादन बढाउन गऱ्यो साढे दुई अर्ब डलरको योजना स्वीकृत



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २२ श्रावण

भारतले घरेलु स्वच्छ इन्धन उत्पादन तीव्र रूपमा विस्तार गर्न २.५ अर्ब डलरको जैविकग्यास कार्यक्रम स्वीकृत गरेको छ। मध्यपूर्व युद्धका कारण उत्पन्न अभावले ऊर्जा आयातमा निर्भरता उजागर गरेपछि यो कदम चालिएको हो ।

दक्षिण एसियाली राष्ट्र विश्वको तेस्रो ठूलो तेल आयातकर्ता र दोस्रो ठूलो तरल पेट्रोलियम ग्यास (एलपीजी) खरिदकर्ता हो। अमेरिका र इरानबीचको द्वन्द्वका कारण हर्मुज जलमार्गमा लगाइएका प्रतिबन्धका कारण यसले ठूलो अवरोध सामना गरेको छ । भारतले वार्षिक तीन करोड टनभन्दा बढी एलपीजी खपत गर्छ र आफ्नो आवश्यकताको आधाभन्दा बढी आयात गर्छ । बिहीबार जारी सरकारी विज्ञप्तिमा भनिएको छ, “पछिल्लो राष्ट्रिय निर्देशनमा जैविक उर्जा योजना ‘भारतको स्वच्छ ऊर्जा यात्रामा निर्णायक क्षण’ हो ।

यसले फोहोर सङ्कलन, गोबर प्रशोधन र विद्यमान बायोग्यास प्लान्टहरूको विस्तारलाई सहयोग गर्नेछ । “यसले देशको प्रचुर कृषि अवशेष, गाईवस्तुको गोबर, प्रेस मड (उखुको फोहोर), नगरपालिकाको जैविक फोहोर र अन्य जैविक स्रोतलाई स्वच्छ इन्धन, जैविक मल, ग्रामीण आम्दानी र राष्ट्रिय आर्थिक मूल्यमा रूपान्तरण गर्नेछ,” विज्ञप्तिमा भनिएको छ । विश्वको सबैभन्दा बढी जनसङ्ख्या रहेको र तेस्रो ठूलो जीवाश्म इन्धन प्रदूषक भारतले सन् २०७० सम्म कार्बन तटस्थता हासिल गर्ने प्रयासअन्तर्गत ठूलो मात्रामा जैविकग्यास उत्पादनलाई प्रवर्द्धन गरेको छ। सन् १९८० को दशकदेखि नै यसले बायोग्यासलाई कम लागतको ग्रामीण ऊर्जा स्रोतका रूपमा प्रवर्द्धन गर्दै आएको छ र ५० लाखभन्दा बढी ‘डाइजेस्टर’ एकाइहरूलाई अनुदान दिएको छ, जसले कृषि फोहोरलाई खाना पकाउन मिथेन र मलका लागि नाइट्रोजनयुक्त स्रोतमा रूपान्तरण गर्छ। सरकारले गत वर्ष बायोग्यासले सवारी साधन र घरेलु प्रयोगका लागि तरल ग्यासको कम्तीमा एक प्रतिशत हिस्सा ओगट्नुपर्ने व्यवस्था गरेको थियो । सरकारलेसन् २०२८ सम्म यसलाई पाँच प्रतिशत पुर्याउने लक्ष्य लिएको छ । भारतले उर्जा आयातमाथिको भारी निर्भरता घटाउन पनि कदम चालेको छ । मध्यपूर्व द्वन्द्वको प्रभाव कम गर्न नयाँ दिल्लीले कच्चा तेल आपूर्तिकर्ताहरूको सङ्ख्या २७ बाट ४१ देशमा विस्तार गरेको छ, जसमा भेनेजुएला पनि समावेश छ भने रुस र केही अफ्रिकी राष्ट्रहरूबाट खरिद बढाएको छ । सरकारले गत महिना अपतटीय तेल र ग्यास अन्वेषणका लागि ८.८ अर्ब डलर वित्तीय सहयोग उपलब्ध गराउने बताएको थियो ।

# कपिललाई शोमा ल्याउन चन्दनले दिएका थिए आफ्नै बलिदानी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २२ श्रावण



कपिल शर्मा आज भारतका सबैभन्दा चर्चित कमेडियनमध्ये एक हुन्। सन् २००७ मा द ग्रेट इन्डियन लाफ्टर च्यालेन्ज सिजन ३ को विजेता बनेपछि उनले देशभर पहिचान पाएका थिए ।

तर, उनलाई सो शोको अडिसनमा दुई पटक रिजेक्ट गरिएको थियो। साथी चन्दन प्रभाकरको अडान र सहयोगका कारण नै कपिलले त्यो शोमा प्रवेश पाएका थिए, जसको बदलामा चन्दन आफैँ शोबाट बाहिरिनुपरेको थियो । कपिल शर्माको शोमा चन्दन प्रायः चन्दू चायवालाको भूमिकामा देखिन्छन् । दुवै जना दशकौँदेखि एकापसमा असल साथी हुन् र करिअरको सुरुवाती दिनहरूमा सँगै सङ्घर्ष गर्थे। हालै एलपीयू डिएसडब्ल्यू च्यानलसँगको कुराकानीमा चन्दनले ’लाफ्टर च्यालेन्ज’सँग जोडिएको एउटा प्रसङ्ग सेयर गरेका छन्, जसले दुवैको करिअरको दिशा बदलेको थियो ।

चन्दनका अनुसार उनले कपिल र कमेडियन राजीव ठाकुरसँगै ’लाफ्टर च्यालेन्ज’को अडिसन दिएका थिए। चन्दन र राजीव छनोट भए पनि कपिल भने रिजेक्ट भए। कपिल जत्तिको प्रतिभाशाली कमेडियन रिजेक्ट भएपछि दुवै साथी निकै दुःखी बनेका थिए । कपिल पञ्जाब राउन्डमा छनोट नभएपछि दिल्ली राउन्डमा पुनः प्रयास गर्ने निर्णय गरे। त्यतिबेला चन्दनको सुटिङ सुरु हुन लागेको थियो, तर कपिलको आग्रहमा उनी सुटिङ छाडेर चुपचाप दिल्ली गए ।

दिल्लीमा लामो समय लाइनमा बसेर कपिलले अडिसन दिए । अडिसन राम्रो भए पनि कपिललाई सुरुमा चयन भएको कुनै कल आएन । त्यसपछि चन्दन र राजीव ’लाफ्टर च्यालेन्ज’को सुटिङमा फर्किए। तर, त्यहाँ पुगेर पनि उनीहरूले कपिलको पक्षमा माहोल बनाइरहे। उनीहरूले शोका असिस्टेन्ट डाइरेक्टरहरूसँग कपिललाई नचुनेर ठुलो गल्ती गरिएको भन्दै निरन्तर सिफारिस गरिरहे । अन्ततः उनीहरूको मिहिनेत सफल भयो र निर्माताले कपिललाई शोमा बोलाए ।

तर, यो निर्णय चन्दनका लागि धक्का बन्यो । शोमा कपिल फर्किए तर निर्माताले चन्दनलाई भने बाहिरिन भने। कपिलले चन्दनलाई नै रिप्लेस गरेका थिए। सपना भत्किए जस्तो भए पनि चन्दनले खुसीखुसी त्यो निर्णय स्वीकार गरेर घर फर्किए । त्यसपछि कपिल शर्मा सोही सिजनका विजेता बने ।

घर फर्किएपछि चन्दनले इन्जिनियरिङको पढाइ पूरा गरे । कमेडियन बन्नुअघि उनी मेकानिकल इन्जिनियर थिए र एउटा सफ्टवेयर कम्पनीमा काम गर्थे ।












# सुशासन चुनौती : निर्वाचित र 'स्थायी' सरकारबीच बढ्दो दूरी



- नेपालमा निर्वाचित सरकार र स्थायी कर्मचारीतन्त्र बीचको दूरी बढ्दै गएको छ, जसले सुशासनमा चुनौती सिर्जना गरेको छ । राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबीच समन्वय र विश्वासको अभावले नीति कार्यान्वयनमा समस्या देखिएको छ । दुवै पक्षले आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह नगर्दा जनताले अपेक्षित परिवर्तनको अनुभूति गर्न सकेका छैनन्।
लोकतान्त्रिक होस् कि समाजवादी, शासकहरू तानाशाही हुन् कि उदार- देशको राजनीतिक प्रणालीका सबैखाले व्यवस्थामा राज्यका सेवा वितरण गर्ने संयन्त्र आवश्यक हुन्छन् । त्यसैले समुदायमा बस्ने चाहना हुनासाथै मानिसले सामूहिक चासोका काम गर्न छुट्टै संयन्त्र बनाएका उदाहरण छन् । सत्तरी हजार वर्षपहिले नै यस्तो संस्थाको जन्म भएको इतिहासकार मान्छन् ।

युवाल नोआ हरारीले आफ्नो प्रख्यात पुस्तक 'सेपियन्स' मा ईशापूर्व ३ हजार वर्षपहिले नै आंशिक लिपिको विकाससँगै कर पञ्जीकरण र अन्य राज्यका कामका लागि जटिल कर्मचारीतन्त्रको जन्म भएको मानेका छन् । आधुनिक राज्यमा राजतन्त्र, समाजवाद, लोकतन्त्र, सैनिक तानाशाहीजस्ता शासन व्यवस्था अवलम्बन गरिए । तर, ती सबै व्यवस्थामा शासकका इच्छा कार्यान्वयन गर्न कर्मचारीतन्त्र आवश्यक ठानियो । राजनीतिक प्रणाली र शासकको शैलीअनुरूप कर्मचारीतन्त्रको स्वरूप भने फरक-फरक हुन थाल्यो । कम्युनिस्ट देशहरूमा सोभियत संघले लागू गरेको पार्टीका सदस्य मात्रै नियुक्त हुने 'नोमेन्क्लाटुरा' मोडल अवलम्बन गर्न थालियो । लोकतान्त्रिक भनिने देशमा बेलायती 'ह्वाइटहल मोडल' को 'मेरिट' मा आधारित मोडल लागू भयो । फ्रान्स, जर्मनी र संयुक्त राज्य अमेरिकामा मेरिट र राजनीतिक नियुक्तिको मिश्रित व्यवस्थाको कर्मचारीतन्त्र लागू भएको देखिन्छ । राम्रो शासनका लागि मन्त्रीहरूको ताजा दिमाग अनि कर्मचारीहरूको विज्ञता र अनुभवको योग हुनुपर्छ । निर्वाचित सरकार 'चेन्ज स्पोन्सर' हो भने कर्मचारीतन्त्र 'चेन्ज एजेन्ट' । यी दुईबीच लय मिलेन भने र ती एकअर्काका प्रतिस्पर्धीझैं देखिए भने जनताले परिवर्तनको अनुभूति गर्न सक्दैनन् । त्यसैले अमेरिकी राजनीतिज्ञ हेनरी क्लेले भनेका थिए, 'सरकार 'ट्रस्ट' हो र कर्मचारीहरू 'ट्रस्टी' हुन्, यी दुवै जनताको हितका लागि सिर्जना गरिएका हुन् ।' यी दुईले एकअर्काका लागि सहयोगीका रूपमा काम गरेनन् भने वा आफ्ना वैधानिक भूमिका उल्लंघन गर्न थाले भने शासनमा असन्तुलन सिर्जना हुन्छ । त्यसैले कर्मचारीतन्त्र र राजनीतिक दलका कार्यकर्ताबीच खासै फरक नहुने कम्युनिस्ट देशमा समेत निर्वाचित सरकार र कर्मचारीतन्त्रबीच तनाव सिर्जना भएका उदाहरण छन् । लेनिन आफ्नो शासनको उत्तरार्धमा रुसको कर्मचारीकरणबाट रुष्ट थिए, ट्रटस्कीले 'समाजवादको भविष्यका लागि कर्मचारीतन्त्र ठीक गर्नुपर्छ' भनेका थिए, टिटोले 'दलका सुविधाप्राप्त कर्मचारीहरू नयाँ बुर्जुवा हुन्' भनेर आक्रोश पोखेका थिए । फ्रेन्च क्रान्तिअघि मन्टेस्क्युले फ्रान्सको जागिरदारबारे लेखेका थिए, 'एउटा महान् जागिरदार त्यो हो, जो सम्राट्सँग भेट्ने गर्छ, उनका मन्त्रीहरूसँग कुरा गर्छ र जसले पेन्सन पाउँछ ।' बन्द समाज र विकासमा पछि परेका देशहरूमा कर्मचारीतन्त्रमाथि नियन्त्रण कमजोर हुने हुँदा यसले आफ्नो नायकत्व स्थापना गरी 'कर्मचारीतन्त्रको साम्राज्य ( ब्युरोक्रेटिक अफिसियल्डम)' कायम गर्न खोज्छ । त्यसैले यो संस्थाको विरोध भएको हो ।

कर्मचारीतन्त्रको अर्को सकारात्मक पाटो पनि छ- आधुनिक कर्मचारीतन्त्र राज्यको स्थायी संयन्त्र हो । यसले कानुन कार्यान्वयन गरी समाजलाई व्यवस्थित तुल्याउँछ, नीति र कार्यक्रम कार्यान्वयन गरी वाचा गरिएका सेवा जनतामा वितरण गर्छ, समाजको द्वन्द्व समाधान गरी सामाजिक सद्भाव कायम गराउँछ । यसले लोकतान्त्रिक अधिकारका लागि जनतालाई पहुँच दिएर लोकतन्त्र वितरण गर्छ । यसले जनताका सामाजिक मागहरू नीति-निर्मातासम्म पुर्‍याइदिने 'बफर रोल' समेत खेल्नुपर्छ भन्ने मान्यता छ । अझ लोकतन्त्रमा त यो संस्थाको ज्यादै बढी महत्त्व हुन्छ । प्रतिनिधिमूलक लोकतन्त्रमा जनताका निर्वाचित प्रतिनिधि र योग्यताका आधारमा नियुक्त कर्मचारीलाई जनताले अधिकार एवं स्रोत साधन दिएका हुन्छन् ।


राज्य तीन घोडाको रथ (कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिका) हो । र, यी तीनै घोडा कर्मचारीतन्त्रबेगर नचल्ने भएकाले यसलाई 'राज्यको चौथो शाखा' भन्ने गरिएको हो । निर्वाचितहरूले नीति बनाउँछन् र यसले कार्यान्वयन गर्छ । यसले राजनीतिक नेतृत्वलाई तटस्थ विज्ञ परामर्श दिन्छ, राजनीतिक र अन्य संकटबाट राज्यका अन्य अंग निष्क्रिय रहेका बेला कर्मचारीतन्त्रले 'अटोपाइलटिङ' को काम गरी राज्य असफल हुन दिँदैन । यो संस्थाको यही महत्त्व बुझेर प्रिन्सटन युनिभर्सिटीका प्राध्यापक इज्रा सुलेमेनले भनेका छन्, 'सार्वजनिक सेवा यस्तो साधन हो, जसबाट लोकतन्त्र बलियो वा कमजोर हुन्छ, यसको अभाव वा अकुशलता वा राजनीतीकरणले समाजको सुशासनमा असाधारण प्रभाव पार्छ ।' राजनीतिक नेतृत्वले नीति निर्माण, लक्ष्य निर्धारण, मूल्यांकनका मापदण्ड तय पार्छ भने कर्मचारीतन्त्रले कार्यान्वयन, तथ्य, साधन, प्रक्रिया र संरचनासँग सरोकार राख्छ । कानुन र नीति कार्यान्वयनको मुख्य जिम्मेवारी कर्मचारीहरूको भएकाले 'राजनीतिज्ञहरू राज गर्छन्, कर्मचारीहरू शासन गर्छन्' भन्ने गरिन्छ ।

कर्मचारीतन्त्र जति अलोकप्रिय भए पनि यो संस्थाबेगर शासकीय कार्य सम्भवै हुँदैन । यसको विकल्प 'प्रतिकर्मचारीतन्त्र (काउन्टर ब्युरोक्रेसी)' हो अर्थात् सुधारिएको कर्मचारीतन्त्र । त्यसैले 'कर्मचारीतन्त्र मर्‍यो, कर्मचारीतन्त्र जिन्दावाद' भन्ने भनाइ मननीय छ- बेलायतको राजसंस्थालाई भनेजस्तो । अहिले प्रशासन र निर्वाचित सरकारबीच सुमधुर सम्बन्ध देखिएको छैन, जुन देशका लागि शुभ लक्षण होइन । यी दुई वर्ग एकअर्काका परिपूरक हुन् । राजनीतिक नेतृत्व कर्मचारीतन्त्रको 'बायोलोजिकल प्यारेन्ट' हो, त्यसैले कर्मचारीतन्त्रले 'मदर डिस्सिप्लेन' मा काम गर्नुपर्छ ।

राजनीतिक नेतृत्वमा रहनेले बुझ्नु जरुरी छ- तिनका राजनीतिक इच्छाहरूको कार्यान्वयन कर्मचारीतन्त्रबेगर हुनै सक्दैन । त्यसैले 'कार्यकारी नेतृत्वको विचारधारा' अवलम्बन गर्ने संयुक्त राज्य अमेरिका, जर्मनी, फ्रान्सजस्ता देशले पनि तटस्थ औजारका रूपमा प्रभावकारी कर्मचारीतन्त्र निर्माण गरेका छन् ।

**साभार : कान्तिपुर ।**


**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**






**अनुरोधकर्ता**
**शहिदनगर नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**






**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday